कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०७/०३ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा चाडपर्व लक्षित निरीक्षण तथा अनुगमन गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | विनायक मिठाई पसल, भक्तपुर नगरपालिका – १०, कमलविनायक | • किचेनको सरसफाइ सन्तोषजनक नभएको<br>• मिठाई छोप्न पत्रिका प्रयोग गरेको पाईयो<br>• फ्राईङ्ग तेलको TPM Value परीक्षण गर्दा २७.० पाइएको।<br>• पसलबाट खुवा बर्फिको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा starch positive पाईएको। | • पसललाई सरसफाई गरी गुणस्तरीय खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्न निर्देशन दिएको<br>• मसीजन्य पत्रिका प्रयोग नगर्न निर्देशन दिईएको<br>• कैफियत पाईएको तिन लिटर तेल नष्ट गरिको<br>• Starch positive पाईएको पच्चिस के जी खुवा बर्फि नष्ट गरीएको तथा साथै अब देखि यस्तो मिसावट नगर्न निर्देशन दिईएको। |
| २. | काफ्ले स्वीट्स, भक्तपुर नगरपालिका – १०, कमलविनायक | • सरसफाइ सामान्य रहेको<br>• खाद्य पदार्थ मिठाईहरू बाटो अगाडी खुल्ला रुपमा विक्री वितरण गरेको पाईयो<br>• फ्राईङ्ग तेलको TPM Value परीक्षण गर्दा १९.१ पाइएको<br>• पसलबाट खुवा बर्फिको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा starch positive पाईएको। | • सरसफाइमा ध्यान दिन, खाद्य पदार्थ छोपेर राख्न तथा गुणस्तरीय खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्न निर्देशन दिएको<br>• Starch positive पाईएको असी (८०) के जी खुवा बर्फि नष्ट गरीएको तथा साथै अब देखि यस्तो मिसावट नगर्न आदेश दिईएको। |
| ३. | शाक्य स्वीट्स, भक्तपुर नगरपालिका – १०, कमलविनायक | • सरसफाइ सामान्य रहेको<br>• खाद्य पदार्थ मिठाईहरू बाटो अगाडी खुल्ला रुपमा विक्री वितरण गरेको पाईयो<br>• फ्राईङ्ग तेलको TPM Value परीक्षण गर्दा २१.० पाइएको<br>• पसलबाट खुवा बर्फि र चमचम मिठाईको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशाला भ्यानमा starch परीक्षण गर्दा खुवा बर्फीमा starch positive पाईएको। | • सरसफाइमा विशेष ध्यान दिन र खाद्य स्वच्छता कायम गरी गुणस्तरीय खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्न निर्देशन दिएको<br>• Starch positive पाईएको साठी (६०) के जी खुवा बर्फि नष्ट गरीएको तथा अब देखि यस्तो मिसावट नगर्न र गुणस्तरीय खाद्य पदार्थ विक्री वितरण गर्न निर्देशन दिएको |

| | | | |
|---|---|---|---|
| ४. | लवजु मिठाई भण्डार, भक्तपुर नगरपालिका – १०, कमलविनायक | • सरसफाइ सामान्य रहेको<br>• किचेनको खाना बनाउँने स्थानमा कालो फोहोर जमेको<br>• फ्राईङ्ग तेलको TPM Value परीक्षण गर्दा ९.५ पाइएको<br>• पसलबाट खुवा र खुवा वर्फिको नमुना संकलन गरी मोबाइल खाद्य प्रयोगशालामा भ्यानमा starch परीक्षण गर्दा starch को उपस्थिति नेगेटिभ पाईयो। | • सरसफाइमा विशेष ध्यान दिन तथा गुणस्तरीय खाद्य पदार्थ उत्पादन तथा विक्री वितरण गर्न निर्देशन दिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ४ वटा होटल/रेष्टुरेन्ट/ विक्री केन्द्र** | | | |

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०७/०३